# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:- ०८१/०८२
च.नं.:- मिति:-२०८१।०९।२१

सूचना । सूचना ॥ सूचना ॥।

**प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१।०९।२१**

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.३ पछियारी टोल मलिबारा स्थितको बडका पोखरी र खैरा स्थितीको छपकाहा पोखरीहरुको आ.व.२०८१।०८२ को २०८१ साल माघ १५ गते देखि आ.व. २०८६।०८७ को २०८६ साल माघ १४ गते सम्म वर्ष ५ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र दिन हुन सर्वसाधारणको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र दर्ता गराउन हुन सुचना प्रकाशित गरिएको छ ।

तपसिल

१.उल्लेखित पोखरीको शिलबन्दी दरभाउपत्र दिनु पर्ने छ र शिलबन्दी दरभाउपत्र खाममा पोखरीको नाम उल्लेख भएको हुनुपर्ने छ ।

२.दरभाउ पत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।-तिरी १५ औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र १६ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४.पर्न आएको शिलबन्दी दरभाउ पत्र १६ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोलिने काम रोकिने छैन ।

५. शिलबनदी दरभाउ पत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.बा.बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी कागजातहरु व्यक्तिको हकमा ना. प्र. पत्रको फोटोकापी समेत दरभाउ पत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

६. सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको जमानी पत्र वा २ किस्ता बराबरको नगदै रकम कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । साथै अन्य किस्ताको हकमा अगामी वर्षको पौष मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

८.किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ । पहिलो किस्ता पट्टा उठाउने दिन र अन्य किस्ता कार्यालयले तोकिएको मितिमा बुझाउनु पर्नेछ ।

९.दरभाउ पत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको दरभाउपत्र स्वतः रद्ध हुनेछ ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

... कुमार साह
प्रमुख प्रशासकिय अधिकृत

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्याः- ०८१/०८२
च.नं.:-

मितिः-२०८१।०९।२१

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ । वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ ।
१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम् ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।
१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।
१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ। विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्बन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।
१५. ठेक्का लिदाँ हुने हानीनोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ। अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।
१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।
१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।
१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
१९. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।
२०.अन्य कुरा बुझनु परेमा कार्यालय खुलेको समयमा कर शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।
२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
२२.बडका पोखरीको न्यूनतम अंक रु.१७,७०,०००।-
२३. छपकाहा पोखरीको न्यूनतम अंक रु.१,५०,०००।-

कुमार साह
प्रमुख प्रसाशकिय अधिकृत

टेलिफोनः :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइटः http://www.jaleshwarmun.gov.np